# स्थानीय तहको बार्षिक योजना र बजेट तर्जुमा:
# पुर्व तयारी, श्रोत अनुमान तथा वजेट सिमा निर्धारण

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**सिंहदरवार, काठमाण्डौं**

# प्रस्तुतिको रुपरेखा

- स्थानीय बजेट तर्जुमाका आधारहरु,
- स्थानीय तहको योजना तथा वजेट तर्जुमाका चरणहरुको संक्षिप्त जानकारी,
- वजेटको पुर्व तयारी चरण,
- स्थानीय तहका वजेट तर्जुमाका चरणहरु, राजस्व परामर्श समिति,
- श्रोत अनुमान तथा वजेट सीमा निर्धारण,
- प्राथमिकीकरणका आधारहरु निर्धारण ।

# स्थानीय तहको बजेट तर्जुमाका आधारहरु

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यमकालिन खर्च संरचना,
- उपलब्ध स्रोत साधन
- विकासका अन्तरसम्बन्धित बिषयहरु
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

# वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरु

(क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुने,

(ख) आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका बिषयहरु,

(ग) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन,

(घ) सुशासन, लैङ्गकि तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित बिषयहरु,

(ङ) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,

(च) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,

(छ) विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु ।

# स्थानीय तहको योजना तथा वजेट तर्जुमाका चरणहरुको जानकारी

| चरणहरु | समय सीमा |
| --- | --- |
| **चरण १. बजेटको पूर्व तयारी** | |
| • आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण सङ्घीय सरकारमा पेश गर्ने । | पौष मसान्त भित्र |
| • संघ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने । | चैत्र मसान्त भित्र |
| **चरण २. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण** | बैशाख १० भित्र |
| **चरण ३. बस्ती तहका योजना छनौट** | वैशाख मसान्त भित्र |
| **चरण ४. वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण** | जेष्ठ १५ भित्र |
| **चरण ५. बजेट तथा कार्यक्रम तर्जुमा** | असार ५ भित्र |
| **चरण ६. गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | असार १० भित्र |
| **चरण ७. गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | |
| • बजेट तथा कार्यक्रम प्रस्तुती | असार १० भित्र |
| • बजेट तथा कार्यक्रम स्वीकृति | असार मसान्त भित्र |

# वार्षिक योजना तथा वजेटको पूर्व तयारी चरण

- आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण सङ्घीय सरकारमा पेश गर्ने ।
- गाउँपालिका वा नगरपालिकाले आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण राजस्व परामर्श समिति र वजेट तथा स्रोत अनुमान समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी प्रत्येक वर्षको पुष मसान्त भित्र सङ्घीय अर्थ मन्त्रालयमा अनुसूची १ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ ।
- संघ र प्रदेशबाट वजेटको सीमा प्राप्त गर्ने ।
- सङ्घीय सरकारबाट राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान वापत स्थानीय तहलाई आगामी आर्थिक वर्ष उपलव्ध हुने श्रोतको विवरण फागुन मसान्त भित्र तथा प्रदेश सरकारवाट स्थानीय तहको लागि आगामी आ.व.मा प्राप्त हुने वित्तीय अनुदानको अनुमानित विवरण चैत्र मसान्त भित्र प्राप्त गर्ने ।

# स्थानीय राजस्व परामर्श समिति

**राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नका लागि देहाय वमोजिमको स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ :**

| | |
|---|---|
| क) उपाध्यक्ष वा उप-प्रमुख | - संयोजक |
| ख) प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरु मध्येबाट १ महिला सहित २ जना | - सदस्य |
| घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ वा नगर तहको प्रमुख वा प्रतिनिधी | - सदस्य |
| ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको प्रमुख वा प्रतिनिधि | - सदस्य |
| छ) कार्यपालिकाको राजस्व महाशाखा/विभाग/शाखा प्रमुख | - सदस्य सचिव |

# स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

(क) राजस्व सम्बन्धी नीति वा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाको सम्वन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।

(ख) राजस्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रर्वद्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर सम्बन्धमा परामर्श दिने,

(च) राजस्व प्रशासन सुधारको लागि अन्य आवश्यक परामर्श दिने ।

# राजश्व परामर्श समितिले ध्यान दिनु पर्ने कुराहरु

- कर वा गैरकर राजस्वको प्रस्ताव गर्दा वा भै रहेको कर वा गैरकर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको औचित्य तथा त्यसवाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्ने ।
- साथै नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैरकर त्यसका दरसँग यथासम्भव तादत्म्य हुने गरी गर्नु पर्ने ।
- स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी अनुसूची २ बमोजिमको ढाँचामा प्रत्येक वर्षको पौष १५ गते भित्र सम्बन्धित तहको कार्यपालिकामा पेश गरी सक्नु पर्नेछ । (पौष मसान्त भित्र नेपाल सरकारलाई आय व्ययको प्रक्षेपण पठाउनु पर्ने भएकोले)

# स्थानीय तहले लगाउन पाउने कर तथा गैर करको विवरण

# (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन वमोजिम)

## कर

सम्पत्ति कर,

घर वहाल कर,

घर-जग्गा रजिष्ट्रेशन शुल्क,

घर-जग्गा रजिष्ट्रेसन शुल्क,

सवारी साधन कर,

भुमि कर (मालपोत),

मनोरञ्जन कर,

विज्ञापन कर (मालपोत),

मगोरञ्जन कर,

विज्ञापन कर

व्यवसाय कर

## गैर कर

सेवा शुल्क दस्तुर,

पर्यटन शुल्क,

दण्ड जरिबाना।

** स्थानीय तहको अधिकारक्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाईने अन्य कर तथा गैर कर समेत लगाउन पाउने।*

# स्थानीय तहले लगाउन पाउने कर तथा गैर करको विवरण

# (स्थानीय सरकार संचालन ऐन वमोजिम)

- एकिकृत सम्पत्ती कर
- घरजग्गा बहाल कर
- व्यवसाय कर
- बहाल विटौरी शुल्क
- पार्किङ शुल्क
- जडिबुटी, कवाडी र जीवजन्तु कर
- सेवा शुल्क
- अन्य

# राजश्व परामर्श समितिको प्रतिवेदनको ढाँचा

**अनुसूची २**

**.......गाउँपालिका वा नगरपालिका**

**राजस्व परामर्श समितिको प्रतिवेदन, ..........**

(क) पृष्ठभूमि

(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण

(ग) राजस्व नीतिहरु

(घ) करका आधारहरु

# राजश्व परामर्श समितिको प्रतिवेदनको ढाँचा क्रमश...

(ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर

| सि.नं. | राजश्वका क्षेत्रहरू | चालू आर्थिक बर्षको दर | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

# राजश्व परामर्श समितिको प्रतिवेदनको ढाँचा क्रमश...

(च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजस्व रकम

| सि.नं. | राजश्वका क्षेत्रहरू | चालू आर्थिक बर्षको दर | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

छ) निष्कर्षतथा सुझावहरु (...................)

संयोजक ................

सदस्य .................

सदस्य ..................

स्थानीय राजस्व परामर्श समिति

# श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय तहको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्नका लागि देहाय वमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको ब्यबस्था गरिएको छ:

| | |
|---|---|
| (क) अध्यक्ष वा प्रमुख | - संयोजक |
| (ख) उपाध्यक्ष वा उपप्रमुख | - सदस्य |
| (ग) कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना | - सदस्य |
| (घ) प्रमुख प्रशासकिय अधिकृत | - सदस्य-सचिव |

खण्ड (ग) बमोजिम सदस्य तोक्दा अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दल बाहेकको सदस्य समेतलाई तोक्नु पर्नेछ।तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

# श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य र अधिकार

क) आन्तरिक आय, राजस्व बाँडफाडबाट प्राप्त हुने आय, संघ/प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

ग) आगामी आ.व.को लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

घ) विषय क्षेत्रगत सीमा निर्धारण गर्ने,

# श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य र अधिकार क्रमश...

ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गर्ने,

च) विषयक्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने।

छ) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीयतहको आवश्यकता र निर्णय बमोजिम अन्य कार्यहरु गर्ने

# श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्दा ध्यान दिनु पर्ने कुराहरु

- अन्तरिक राजश्वको अनुमान गर्दा राजश्व परामर्श समितिले दिएको प्रतिवेदन तथा सुझावहरुको आधारमा गर्नु पर्ने,
- राजश्व वाँडफाटको अनुमान गर्दा नेपाल सरकारवाट प्राप्त सिलिङको आधारमा गर्नु पर्ने,
- वित्तिय हस्तान्तरणको अनुमान गर्दा नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त सिलिङको आधारमा गर्नु पर्ने,
- कुल वजेटको सिमा निर्धारण गर्दा खर्च व्यहोर्ने स्रोत सुनिश्चित गरेर मात्र गर्नु पर्ने,
- प्रशासनिक खर्चको सिमा निर्धारण गर्दा आन्तरिक आम्दानी तथा राजश्व वाँडफाटको रकम भन्दा वढि नहुने गरी गर्नु पर्ने,
- वजेट सिमा निर्धारण गर्दा लक्षित समुदायको विकासको लागि निश्चित रकमको सिमा तोक्न सकिने,

# श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्दा ध्यान दिनु पर्ने कुराहरु क्रमश...

- राजश्व तथा खर्चको अनुमान गर्दा नेपाल सरकार वाट स्वीकृत राजश्व तथा खर्चको वर्गिकरण र व्याख्यामा उल्लेखित शिर्षकहरुको प्रयोग गर्नु पर्ने,
- वजेटको सिमा निर्धारण गर्दा बिभिन्न वजेट उपशिर्षकहरुमा विभाजन गरी गर्न सकिने, जस्तै: गाँउ वा नगरकार्यपालिकाको कार्यालयको प्रशासनिक खर्च तथा नियमित प्रकृतिका कार्यको लागि, सामाजिक विकास सम्बन्धि कार्य संचालनको लागि, पुर्वाधार विकास सम्बन्धि कार्यको लागि छुट्टा छुट्टै वजेट उपशिर्षक दिएर वजेट सिलिङ तय गर्न सकिने।
- वजेटको सिलिङ तय गर्दा विषय क्षेत्रगतको साथै खर्च शिर्षकहरुमा समेत विभक्त गरी तय गर्नु पर्ने,
- वजेटको सिलिङ तय गर्दा क्रमागत योजनाहरुको सम्पन्न गर्न आवश्यक पर्ने रकम छुट्याईनु पर्ने,

# बजेट सीमा निर्धारण गर्दा प्राथमिकतामा राख्नुपर्ने कुराहरु

क) गाउँपालिका वा नगरपालिकाका गौरवका आयोजनाहरुको लागि आवश्यक बजेट,

ख) समपूरक कोष आवश्यक पर्ने आयोजनाको लागि आवश्यक बजेट,

ग) सशर्त अनुदान कार्यक्रमको लागि तोकिएको बजेट,

घ) दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तराष्टिय प्रतिबद्धताको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम,

(ङ) स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाउपालिका/नगरपालिका आफैले गर्नु पर्ने अन्य अत्यावश्यक कार्यहरु ।

# बजेट सीमा निर्धारण गर्दा प्राथमिकतामा राख्नुपर्ने कुराहरु क्रमश...

च) माथि उल्लिखित क्षेत्रलाई आवश्यक रकम विनियोजन गरिसकेपछि मात्र बाँकी रकम जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, विकास लागत, राजस्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्था जस्ता विषयलाई आधार मानी वडागत खर्चको आवश्यकता र औचित्यताको आधारमा वडागत बजेट सिमा निर्धारण गर्नुपर्नेछ । तर वडामा दामासाहिले बजेट विनियोजन गर्न पाइने छैन ।

(छ) बजेट सीमा निर्धारण गर्दा स्थानीय तहमा रहेको सामाजिक तथा साँस्कृतिक विविधतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तीकरणको लागि आवश्यक पर्ने रकमको सीमा समेत निर्धारण गर्नुपर्नेछ ।

# वजेटको सिमा निर्धारण गर्दा निम्न बमोजिम विषयगत क्षेत्रहरु निर्धारण गर्नु पर्ने

## (क) आर्थिक विकास

- कृषि,
- उद्योग तथा वाणिज्य,
- पर्यटन,
- सहकारी,
- वित्तीय क्षेत्र
- रोजगारी

## (ख) सामाजिक विकास

- शिक्षा,
- स्वास्थ्य,
- खानेपानी तथा सरसफाई,
- संस्कृति प्रवर्द्धन,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- जनसंख्या व्यवस्थापन

# विषयगत क्षेत्रहरु क्रमश......

## (ग) पूर्वाधार विकास

- सडक तथा पुल
- सिंचाई,
- भवन तथा सहरी विकास,
- संचार,
- उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

## (घ) वातावरण तथा विपद व्यवस्थापन विकास

- वन तथा भु-संरक्षण,
- जलाधार संरक्षण,
- वातावरण संरक्षण,
- जलवायु परिवर्तन,
- फोहरमैला व्यवस्थापन, Sanitary Land Fill Sites,
- जल उत्पन्न प्रकोप नियन्त्रण,
- विपद व्यवस्थापन,
- वारूण यन्त्र संचालन

# विषयगत क्षेत्रहरु क्रमश......

## (ङ) संस्थागत विकास तथा सेवा प्रवाह

- मानव संसाधन विकास
- सामान्य सेवा व्यवस्थापन
- संस्थगत क्षमता विकास
- राजश्व परिचालन
- वित्तीय व्यवस्थापन
- वित्तीय जोखिम न्युनीकरण
- सुरक्षा व्यवस्थापन
- स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन
- सूचना प्रविधि
- सार्वजनिक सुनुवाई
- सामाजिक परिक्षण
- पञ्जिकरण व्यवस्थापन
- सुशासन प्रवर्धन
- अनुसन्धान तथा विकास
- वेरुजु फछ्यौंट,
- अन्यत्र वर्गिकरण नभएको

# आयोजना प्राथमिकीकरणका आधार र मार्गदर्शन तयारी

- स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले बजेटको सीमा निर्धारण गर्दा आगामी वर्षको लागि योजना परियोजना प्राथमिकताका आधारहरु समेत तयारी गर्नु पर्नेछ ।
- यस्ता प्राथमिकता निर्धारण गर्दा सङ्घीय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै प्राप्त स्रोत साधनको विवेकशील उपयोग हुने व्यवस्था मिलाउनु पर्दछ ।
- स्रोत अनुमान समितिले आयोजना प्राथमिकिकरणका आधार तय गर्दा उपयुक्त देखेका विषयहरुलाई निश्चित भार प्रदान गरी निर्माण गर्न सकिनेछ ।

# आयोजना प्राथमिकिकरणका आधार र मार्गदर्शन तयारी क्रमश...

**आयोजना प्राथमिकिकरणका आधारहरु**

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गकि समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सर्म्बर्द्धन गर्न सघाउ पुर्याउने,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,
- स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरु ।

# आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

**(क) आयोजना प्राथमिकीकरणका आधारहरु**

१.गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने –२० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने –१० अंक

(ग) तटस्थ –५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने –१५ अंक

(ख) आगामी आ.व. मा सम्पन्न हुने –१० अंक

(ग) अन्य –५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने —१५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने —७.५ अंक

(ग) तटस्थ —०

# आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

४.लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०५ वा सो भन्दा बढी लागत सहभागिता हुने—१५ अंक

(ख) २०५ देखि ५०५ सम्म लागत सहभागिता हुने–१० अंक

(ग) २०५ सम्म लागत सहभागिता हुने–५ अंक

(घ) लागत सहभागिता नहुने–०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–१० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०% सम्म श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–७.५ अंक

(ग) अन्य–५ अंक

# आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

६. समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने —१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने —५ अंक

(ग) तटस्थ —०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने —१० अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने —५ अंक

(ग) तटस्थ —०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुर्याउने —५ अंक

(ख) अप्रत्यक्ष योगदान पुर्याउने —३ अंक

(ग) तटस्थ —०

# आयोजना प्राथमिकीकरणका आधार र मार्गदर्शन तयारी क्रमश...

- आयोजना प्राथमिकिकरणको लागि अंक निर्धारण गर्दा स्थानीय आवश्यकता र प्राथमिकता वमोजिम उल्लेखित आधार र अंकभारलाई संशोधन गरी प्रयोग गर्न सकिन्छ ।
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले वार्षिक वजेट सम्बन्धि कार्य प्रत्येक वर्षको वैशाख १० गते भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।
- यसरी तयार भएको आगामी आर्थिक वर्षको वजेट सीमा, प्राथमिकीकरणका आधार र मार्गदर्शन प्रत्येक वर्षको बैशाख १५ गते भित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाका विषयगत महाशाखा/ शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

# समूह अभ्यास

- सहभागीहरुलाई स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ राजस्व परामर्श समितिको प्रतिवेदन, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण, योजना प्राथमिकीकरण सम्बन्धी अनुसूचीहरु बारेमा जानकारी गराइ समूह अभ्यास गराइनेछ।

**सहभागीहरुलाई ३ समूहमा बिभाजन गरी देहायको कार्य जिम्वेवारी दिने,**

**पहिलो समूह - राजस्वको अनुमान र प्रतिवेदन तयारी एवं प्रस्तुती,**

**दोश्रो समूह - श्रोत अनुमान र बजेट सीमा निर्धारण गरी प्रस्तुती,**

**तेश्रो समूह - बजेट प्राथमिकताका आधारहरु र मार्गदर्शन तयार गरी प्रस्तुती।**

# धन्यवाद ।